# वाग्मती प्रदेशका अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीहरूमा कोभिड-१९ ले पारेको प्रभावसम्बन्धी

# अध्ययन-प्रतिवेदन



**नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का लागि**

नेसनल इन्स्टिच्यूट फर क्यारियर डेभेलपमेन्ट (मिडिया हाउस), ललितपुर


**अध्ययन टोली**

तोया गौतम, प्रमुख अनुसन्धाता एवम् टिमलिडर

सहनशीला शर्मा, संयोजक

**सहायक अनुसन्धानकर्ताहरू**

जयराम चौधरी, ललिता गौतम, उषा श्रेष्ठ र शोभा भट्टराई


२०२३ सेप्टेम्बर (२०८० भदौ)

# विषयसूची

**खण्ड-१**

अध्ययनको पृष्ठभूमि, उद्देश्य, सीमा र अपनाइएका विधि तथा प्रक्रियाहरू

१.१ पृष्ठभूमि ........ ३

१.२ यस प्रतिवेदनमा के छ ? ........ ५

१.३ अध्ययनको उद्देश्य ........ ५

१.४ अध्ययनको सीमा ........ ६

१.५ अध्ययन विधि तथा प्रक्रिया ........ ६

**खण्ड-२**

अध्ययनबाट उपलब्ध जानकारी

२.१ शारीरिक स्वास्थ्यमा भोग्नु परेका प्रमुख समस्याहरू ........ १३

२.२ मानसिक स्वास्थ्यमा भोग्नु परेका प्रमुख समस्याहरू ........ १४

२.३ आर्थिक अवस्थाका सन्दर्भमा भोग्नु परेका प्रमुख समस्याहरू ........ १६

२.४ सामाजिक अवस्थाका सन्दर्भमा भोग्नु परेका प्रमुख समस्याहरू ........ १७

२.५ भोग्नु परेका अन्य प्रमुख समस्याहरू ........ १९

२.६ सकारात्मक अनुभवहरू ........ २१

२.७ समूह छलफलबाट प्राप्त जानकारी ........ २२

**खण्ड-३**

कसले के कस्ता कुराहरूमा ध्यान दिनुपर्छ ?

३.१ अस्पताल व्यवस्थापनले ध्यान दिनुपर्ने कुराहरू ........ २३

३.२ राज्यका सम्बन्धित निकायहरूले ध्यानदिनुपर्ने कुराहरू ........ २३

३.३ अस्पताल र राज्यका सम्बन्धित निकायहरू दुवैले ध्यान दिनुपर्ने कुराहरू ........ २४

३.४ स्वास्थ्यकर्मी आफैँले ध्यान दिनुपर्ने कुराहरू ........ २४

३.५ सर्वसाधारणहरूले ध्यान दिनुपर्ने कुराहरू ........ २४

**खण्ड-४**

अध्ययनका प्रमुख निष्कर्ष तथा सुझावहरू

४.१ प्रमुख निष्कर्ष ........ २५

४.२ मुख्य सुझावहरू ........ २९

**अनुसूची १** अध्ययनमा प्रयोग गरिएको प्रश्नावलीको नमूना ........ ३१

**अनुसूची २** लक्षित समूह छलफलमा प्रयोग गरिएको चेक-लिष्ट ........ ३९

**अनुसूची ३** समूह छलफलका सहभागीहरूको विवरण ........ ४३

**अनुसूची ४** जानकारीदाताहरूको विवरण ........ ४४

# वाग्मती प्रदेशका अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीहरूमा कोभिड-१९ ले पारेको प्रभावसम्बन्धी

# अध्ययन-प्रतिवेदन

## खण्ड-१

## *अध्ययनको पृष्ठभूमि, उद्देश्य, सीमा र अपनाइएका विधि तथा प्रक्रियाहरू*

### १.१ पृष्ठभूमि

सन् २०१९ को डिसेम्बरमा चीनको वुहानबाट सुरु भएको कोभिड-१९ को महामारीले विश्व नै आक्रान्त बन्यो । विश्व स्वास्थ्य संगठनले कोभिड-१९ का कारण विश्वभर पर्नसक्ने असरलाई मध्यनजर गरेर जनवरी ३०, २०२० मा सार्वजनिक स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय सरोकारको सङ्कटकाल (Public Health Emergency of International Concern -PHEIC) घोषणा गऱ्यो ।[1] तीव्र गतिले कोभिड-१९ विश्वभर फैलँदै गएपछि सन् २०२० मार्च ११ मा यसलाई विश्वव्यापी महामारीका रूपमा नै घोषणा गरियो ।[2] सन् २०२३ अगष्ट १९ सम्ममा विश्वभर यस महामारीका ७७ करोड ८५ हजार ७ सय १३ कन्फर्म्ड केसहरू अभिलेख भएका छन् भने यसैका कारण ६९ लाख ५६ हजार १ सय ७३ जनाको मृत्यु भएको छ ।[3]

यस महामारीबाट नेपाल पनि अछूतो रहन सकेन । नेपालमा सन् २०२० जनवरी २३ का दिन चीनको वुहानबाट फर्केका एकजना नेपाली विद्यार्थीमा कोरोना भाइरस संक्रमण भएको पुष्टि भएको थियो । त्यसयता सन् २०२३ अगष्ट ३० सम्ममा नेपालमा १० लाख ३ हजार ४ सय २८ वटा कोरोना संक्रमणका केसहरू पाइएको र यसबाट १२ हजार ३१ जनाको मृत्यु भएको विश्व स्वास्थ्य संगठनले जनाएको छ ।[4]

कोभिड-१९ लाई मूलतः स्वास्थ्यसम्बन्धी समस्याका रूपमा लिने गरिएकाले यसबाट कति संक्रमित भए र कतिको मृत्यु भयो भन्ने कुराकै बारेमा बढी चर्चा गर्ने गरिएको पाइन्छ तर यसले स्वास्थ्य क्षेत्रमा मात्र नभई समग्र सामाजिक-आर्थिक क्षेत्रहरूमा समेत ठूलो असर गरेको छ । सन् २०१९ को

---

१ https://www.who.int/news/item/05-05-2023-statement-on-the-fifteenth-meeting-of-the-international-health-regulations-(2005)-emergency-committee-regarding-the-coronavirus-disease-(covid-19)-pandemic

२ https://www.who.int/director-general/speeches/detail/who-director-general-s-opening-remarks-at-the-media-briefing-on-covid-19---11-march-2020

३ WHO Coronavirus (COVID-19) Dashboard, WHO, September 1, 2023

४ https://covid19.who.int/region/searo/country/np

उत्तरार्द्धदेखि यताका केही वर्षहरूमा विभिन्न राष्ट्र र मानव जीवनका हरेक क्षेत्रहरूमा यसका असरहरू परेका छन् । यस्ता असरहरूबाट सर्वसाधारण एवम् अन्य पेसाका मानिसहरूमा भन्दा स्वास्थ्य सेवाका क्षेत्रमा संलग्न जनशक्तिमा यसको झन् बढी असर परेको सहज अनुमान गर्न सकिन्छ किनभने कोरोना संक्रमण भएपछि यसको उपचारका लागि संक्रमितहरू अस्पताल लगायतका स्वास्थ्य सेवा प्रदायक संस्था र स्वास्थ्यकर्मीहरूसँगको सम्पर्कमा आउने भएकाले स्वास्थ्य क्षेत्रमा काम गर्ने चिकित्सक, नर्स तथा अन्य कर्मचारीहरूमा यसको संक्रमणको उच्च जोखिम रहनु स्वभाविक नै हो । त्यसमा पनि महामारीको रूपमा तीव्र गतिमा छोटो समयमा धेरै मानिसहरूमा संक्रमण भएकाले अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा संक्रमितहरूको आकस्मिक एवम् अत्यधिक चाप हुँदा र विश्वमै स्वास्थ्य क्षेत्रले अनुमान र पूर्वतयारी नगरेकै अवस्थामा आकस्मिक रूपमा देखा परेकाले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाहरूमा काम गर्ने जनशक्तिमा कोरोना संक्रमण हुनुका साथै अन्य समस्याहरू समेत थपिनु स्वभाविक हो । यस्ता परिस्थितिहरूमा स्वास्थ्य सेवा प्रदायकहरूको कार्यबोझ बढी हुनु, व्यक्तिगत सुरक्षा सामग्रीहरू पर्याप्त नभएकाले उनीहरू बढी जोखिमपूर्ण परिस्थितिहरूमा काम गर्न बाध्य हुनु, मानसिक तनाव बढ्नु, कतिपय स्वास्थ्य संस्थाहरूले समयमा पारिश्रमिक उपलब्ध नगराएका र निजी स्वास्थ्य क्लिनिकहरू पनि बन्द भएका हुनाले आर्थिक परिस्थितिमा असर पर्नु, संक्रमणका डरले परिवारका सदस्य, समाज र साथीभाइहरूबाट टाढिएर बस्न विवश हुनु आदि हुन् ।

तर, नेपालका स्वास्थ्य सेवा प्रदायक क्षेत्रमा काम गर्ने जनशक्तिहरूमा वास्तवमै कोभिड-१९ का कारण के कस्ता असरहरू परे र यस्ता महामारी आउँदा यस क्षेत्रमा के कस्ता कुराहरूमा ध्यान दिइनु पर्ने रहेछ भन्ने कुरालाई समेट्ने किसिमको अध्ययन भएको पाइँदैन । यो एउटा 'रिसर्च-ग्याप' हो । कोभिड-१९ को परिस्थितिमा काम गरिसकेको जनशक्तिको बीचमा यस्तो अध्ययन गर्नु भविष्यका लागि पनि महत्वपूर्ण हुन सक्दछ । यसै कुरालाई महसुस गरेर सीमित स्रोत-साधन र समयका कारण व्यापक र विस्तृत रूपमा बृहत्तर क्षेत्रमा अध्ययन गर्न नसकिए पनि वाग्मती प्रदेशका केही सरकारी तथा निजी अस्पतालहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूसँग नमूनाकै रूपमा भएपनि यो अध्ययन गर्नु जरूरी महसुस गरिएकाले यो अध्ययन कार्य गरिएको हो ।

यो अध्ययन कार्य 'नेपाल स्वास्थ्य अनुसन्धान प्रतिष्ठान (एन.एच.आर.सी.)'का लागि 'नेसनल इन्स्टिच्यूट फर क्यारियर डेभेलपमेन्ट (मिडिया हाउस)', ललितपुरले सन् २०२३ को जुन-जुलाई महिनाको अवधिमा गरेको थियो ।

**नेपाल स्वास्थ्य अनुसन्धान प्रतिष्ठान (एन.एच.आर.सी.)**

'नेपाल स्वास्थ्य अनुसन्धान प्रतिष्ठान (एन.एच.आर.सी.)' स्वास्थ्य क्षेत्रमा देखा परेका विभिन्न समस्याहरूलाई वैज्ञानिक रूपमा अध्ययन तथा अनुसन्धान गरी सर्वसाधारण जनताको स्वास्थ्य सुविधा कायम राख्न 'नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७' अनुरूप स्थापना भएको संस्था हो ।

यसका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- स्वास्थ्य क्षेत्रमा देखा परेका तथा भविष्यमा देखा पर्न सक्ने विभिन्न समस्याहरूको सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने,
- स्वास्थ्यसम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यक्रमलाई बढी उपयोगी बनाउन परामर्श सेवा तथा सूचनासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने, र
- विश्वमा देखा परेका स्वास्थ्यसम्बन्धी विभिन्न समस्याउपर गरिएको अध्ययन तथा अनुसन्धान वा कृतिबारे जानकारी प्राप्त गरी समय-समयमा नेपाल सरकारलाई जानकारी गराउने ।

यो अध्ययन कार्य 'नेपाल स्वास्थ्य अनुसन्धान प्रतिष्ठान (एन.एच.आर.सी.)'का लागि 'नेसनल इन्स्टिच्यूट फर क्यारियर डेभेलपमेन्ट (मिडिया हाउस)', ललितपुरले सन् २०२३ को जुनदेखि अगष्ट महिनाको बीचको अवधिमा गरेको थियो ।

## १.२ यस प्रतिवेदनमा के छ ?

यस प्रतिवेदनमा वाग्मती प्रदेशका सार्वजनिक एवम् निजी अस्पतालमा स्वास्थ्य सेवामा संलग्न के कस्ता जनशक्तिको बीचमा कोभिड-१९ ले पारेको प्रभावसम्बन्धी कसरी अध्ययन गरियो र त्यसबाट के कस्ता मुख्य जानकारीहरू प्राप्त भए भन्ने कुराका साथै भविष्यका लागि उपयोगी हुनसक्ने ठानिएका सुझावहरू समेत प्रस्तुत गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य वाग्मती प्रदेशका विभिन्न अस्पतालहरूमा कार्यरत रहनु भएका स्वास्थ्यकर्मी तथा स्वास्थ्य सेवा सहयोगीहरूमा कोभिड-१९ले के कस्तो असर तथा प्रभावहरू पाऱ्यो र भविष्यमा यस्तो स्थिति आएमा के कस्ता कुराहरूमा ध्यान दिइनु पर्दछ भन्ने जानकारी हासिल गर्नु रहेको छ ।

यस अध्ययनका निर्दिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- कोभिड-१९ महामारीको बेला स्वास्थ्यकर्मीहरू र स्वास्थ्य सेवा प्रदान गर्न सघाउने सहयोगीहरूको मानसिक एवम् शारीरिक स्वास्थ्य तथा सामाजिक एवम् आर्थिक अवस्थामा परेका प्रभावहरू थाहा पाउनु, र
- भविष्यमा फेरि यस्तै कुनै महामारी आएमा स्वास्थ्यकर्मीहरू वा स्वास्थ्य सेवा प्रदान गर्न सघाउने सहयोगीहरूको मानसिक एवम् शारीरिक स्वास्थ्य तथा सामाजिक एवम् आर्थिक अवस्थामा पर्न सक्ने नकारात्मक असरहरू न्यूनीकरण गर्न कसले के कस्ता कुराहरूमा ध्यान दिनु पर्दछ भन्ने जानकारी हासिल गर्नु ।

## १.४ अध्ययनको सीमा

यो अध्ययन सीमित स्रोत-साधन र समयका कारण व्यापक र विस्तृत रूपमा बृहत्तर क्षेत्रमा गरिएको नभई वाग्मती प्रदेशका केही सरकारी तथा निजी अस्पतालहरूमा कार्यरत चिकित्सक, नर्स, स्वास्थ्य प्रयोगशाला प्राविधिक तथा अस्पतालमा कार्यरत अन्य कर्मचारीहरू गरी १०० जनासँग गरिएको कुराकानीमा आधारित रहेको छ । यसैगरी यो अध्ययनका लागि आवश्यक जानकारी संकलन कार्य सन् २०२३ को जुन-जुलाई महिनामा अर्थात् कोभिड-१९ को तीव्र फैलावट कम भइसकेको समयमा गरिएको भए पनि कोभिड-१९ को तीव्र फैलावट भएको बेलामा स्वास्थ्य क्षेत्रमा काम गरेको अनुभव हासिल गरेका उत्तरदाताहरूसँग गरिएको कुराकानीमा आधारित छ ।

## १.५ अध्ययन विधि तथा प्रक्रिया

यस खण्डमा यस अध्ययनको अवधारणा निर्माण तथा अध्ययनका चरणहरू सहितको प्रक्रियागत फ्लो-चार्ट, अध्ययनमा सहभागी जानकारी प्रदायकहरूको स्वरूप एवम् अध्ययनमा प्रयोग गरिएका विधिहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

### १.५.१ अध्ययनको अवधारणा निर्माण तथा अध्ययनका चरणहरू

यस अध्ययन कार्यको अवधारणा निर्माणको प्रारम्भमा एन.आई.सी.डी.भित्रै एन.आई.सी.डी.का पदाधिकारी र अध्ययनकर्ताहरूबीच विभिन्न चरणमा छलफल गरी ती छलफलका आधारमा प्रस्तावित अध्ययनको समस्या पहिचान तथा उद्देश्य, महत्व र ढाँचा निर्माणसम्बन्धी धारणा बनाइएको थियो । सो धारणाका आधारमा एन.एच.आर.सी.का सम्बन्धित पदाधिकारीहरूसँग छलफल गरेर यस अध्ययनका लागि प्रस्ताव तयार पारी एन.एच.आर.सी.मा पेस गरिएको थियो । सो प्रस्तावमा एन.एच.आर.सी.बाट प्राप्त पृष्ठपोषणलाई समेत ध्यान दिएर परिमार्जित प्रस्ताव पेस गरिएको थियो । सो प्रस्तावअनुरूप एन.एच.आर.सी.बाट अध्ययन कार्यका लागि स्वीकृति प्राप्त भएपछि एन.आई.सी.डी.ले अध्ययन टोली निर्माण गरी सो टोलीका जानकारी संकलकहरूका लागि अभिमुखीकरण कार्यक्रम आयोजना गरेको थियो ।

अध्ययनका लागि प्रस्ताव तयारीको चरणदेखि नै विभिन्न स्रोतबाट उपलब्ध अध्ययनको विषयवस्तुसँग सम्बन्धित सन्दर्भ-सामग्रीहरूको अध्ययन कार्य गरिएको थियो । अध्ययन कार्य अघि बढ्ने सुनिश्चित भएपछि जानकारी संकलनका लागि सम्भाव्य जानकारी प्रदायकहरूको प्रकार, कार्यक्षेत्र र संख्या निर्धारण गरिएको थियो । यसका साथै जानकारी संकलनका लागि लक्षित जानकारी प्रदायकहरूको सहजता एवम् उपयुक्ततालाई अनुकूल हुनसक्ने गरी अध्ययनका विधि तथा औजारहरू (आवश्यक प्रश्नावली एवम् चेक-लिष्ट आदि)को तर्जुमा गरिएको थियो । त्यसपछि यस अध्ययनका जानकारी संकलकहरूलाई अध्ययन कार्यका बारेमा अभिमुखीकरण प्रदान गरिएको थियो । अभिमुखीकरण लिइसकेपछि जानकारी संकलकहरूले स्थलगत रूपमा जानकारी प्रदायकहरूबाट जानकारी संकलन

गरेका थिए । यसरी संकलित जानकारीहरूको विश्लेषण गरी उपलब्ध जानकारीका आधारमा निष्कर्ष तथा सुझाव सहितको प्रतिवेदन तयारी कार्य गरिएको थियो ।



**कोभिड-१९ले स्वास्थ्य सेवा प्रदायकमा पारेको असरसम्बन्धी अध्ययन कार्यको सिलसिलामा स्थलगत अनुसन्धानकर्ताहरूका लागि दिइएको अभिमुखीकरणको एक दृश्य**

अध्ययनको समस्या पहिचानादेखि अध्ययन प्रतिवेदन निर्माणसम्मका चरणहरूलाई सङ्क्षिप्त रूपमा तलको फ्लो-चार्ट-१ मा प्रस्तुत गरिएको छ ।

## *फ्लो-चार्ट -१: अध्ययनको समस्या पहिचानदेखि अध्ययन प्रतिवेदन निर्माणसम्मका चरणहरू*




### १.५.२ अध्ययन क्षेत्र र सहभागी जानकारी प्रदायकहरू

यो अध्ययन मूलतः वाग्मती प्रदेशमा केन्द्रित गर्ने लक्ष्य राखिएको भएपनि स्रोत-साधनको सीमितताका आधारमा काठमाडौं उपत्यकाभित्रै तर एन.आई.सी.डी. वा अध्ययनकर्ताहरूलाई जानकारी भएसम्म कामविशेषले काठमाडौं आएका काठमाडौं बाहिर कार्यरत केही स्वास्थ्य सेवा प्रदायक जनशक्तिलाई पनि समावेश गरेर सम्पन्न गरिएको छ ।

जानकारी प्रदायकहरूको छनोट गर्दा एन.आई.सी.डी.ले काठमाडौँ उपत्यकामा रहेका विभिन्न अस्पताल एवम् तिनमा कार्यरत स्वास्थ्य सेवा प्रदायक जनशक्तिहरूसँग संस्थागत एवम् व्यक्तिगत रूपमा सम्पर्क गरी यस अध्ययनमा सहभागी हुनका लागि अनुरोध गरेको थियो । सो अनुरोधका आधारमा सहमत अस्पताल एवम् स्वास्थ्यसेवा प्रदायक जनशक्तिहरूका बीचमा अध्ययन कार्य गरिएको थियो । कोभिड-१९ को संक्रमण न्यूनीकरण भइसकेको अवस्थामा यो अध्ययन कार्य गरिएको भएतापनि कोभिड-१९ को संक्रमण तीव्र भएको बेला पनि स्वास्थ्य सेवा क्षेत्रमा कार्यरत रहेका लक्षित जानकारी प्रदायकहरूलाई यस अध्ययनका सहभागीहरूको रूपमा छनौट गरिएको थियो ।

अध्ययनमा सहभागी जानकारी प्रदायकहरूको स्वरूप र संख्या निम्नानुसार रहेको थियो ।

***तालिका -१: अध्ययनमा सहभागी जानकारी प्रदायकहरूको स्वरूप र संख्या***

| क्र.सं. | जानकारीदाताले कोभिड-१९ को बेला काम गरेको अस्पताल र स्थान | अध्ययनमा सहभागी जानकारीदाताहरूको स्वरूप र संख्या | | | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चिकित्सक | | नर्स | | प्रयोगशाला कर्मचारी | | अन्य सहयोगी कर्मचारी | | |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १. | काठमाडौँ उपत्यका भित्रका ११ वटा सार्वजनिक अस्पतालहरू | ९ | १० | २४ | ० | ७ | ५ | ४ | ३ | **६२** |
| २ | काठमाडौँ उपत्यका भित्रका १३ वटा निजी अस्पतालहरू | ५ | ८ | ८ | ० | २ | २ | ३ | २ | **३०** |
| ३. | काठमाडौँ उपत्यका भित्रको एउटा सामुदायिक अस्पताल | ० | ० | १ | ० | ० | ० | ० | ० | **१** |
| ४. | काठमाडौँ उपत्यका बाहिरका २ वटा सार्वजनिक अस्पतालहरू | ० | १ | ० | ० | ० | १ | ० | २ | **४** |
| ५. | काठमाडौँ उपत्यका बाहिरका ३ वटा निजी अस्पतालहरू | ० | २ | ० | ० | ० | १ | ० | ० | **३** |
| | **कुल** | **१४** | **२१** | **३३** | **-** | **९** | **९** | **७** | **७** | **१००** |

अध्ययनमा सहभागी भएका जानकारीदाताहरूको नामावली र वहाँहरू कार्यरत रहनु भएको अस्पताल सहितको विवरण यस प्रतिवेदनको अनुसूची-४ मा दिइएको छ ।

### १.५.३ अध्ययन विधि

***क. 'अन्तर-क्षेत्रगत वर्णनात्मक अध्ययन (Cross-sectional descriptive study)'***

यस अध्ययनमा 'अन्तर-क्षेत्रगत वर्णनात्मक अध्ययन (Cross-sectional descriptive study)' विधिको प्रयोगलाई जोड दिइएको थियो । यसअनुसार यो अध्ययनका लागि जानकारी संकलनको कार्य एउटै समयावधि (सन् २०२३ को जुन-जुलाई महिनामा) गरिएको थियो भने अध्ययनमा सरकारी तथा निजी क्षेत्रका गरी दुवै प्रकारका अस्पतालहरू, तिनमा कार्यरत एकै प्रकारका नभई विभिन्न प्रकारको जिम्मेवारीमा रहेका स्वास्थ्य सेवा प्रदायक जनशक्तिहरू (जस्तैः चिकित्सक, नर्स, प्रयोगशालामा कार्यरत

जनशक्ति र अस्पतालका अन्य सहयोगी कर्मचारीहरू), उपलब्ध भएसम्म महिला तथा पुरुष साथै काठमाडौँ उपत्यकामा र उपलब्ध भएसम्म काठमाडौँ उपत्यका बाहिरका पनि केही स्वास्थ्यकर्मीहरूलाई जानकारी प्रदायकको रूपमा समेटिएको थियो ।

### *ख. प्रश्नावली तथा अन्तरवार्ता विधिको प्रयोग*

यस अध्ययनका लक्षित जानकारी प्रदायकहरूसँग प्रश्नावली (Questionnaire) को आधारमा जानकारी संकलकहरूले अन्तर्वार्ता गरेर र कतिपय जानकारीदाताहरूको सहजता एवम् अनुकूलतालाई ध्यान दिएर उनीहरूलाई नै प्रश्नावली भर्न लगाएर जानकारी संकलन गरिएको थियो । अध्ययनमा प्रयोग गरिएको प्रश्नावलीको नमूना यस प्रतिवेदनको अनुसूची-१ मा दिइएको छ ।

**कोभिड-१९ले स्वास्थ्य सेवा प्रदायकमा पारेको असरसम्बन्धी अध्ययन कार्यको सिलसिलामा गरिएको अध्ययनमा आफ्नो सहजताअनुरूप प्रश्नावली भर्दै स्वास्थ्यकर्मी**



### *ख. समूह छलफल विधिको प्रयोग*

यस अध्ययनमा सहभागीहरूबाट जानकारी संकलन गर्नका लागि प्रश्नावली एवम् अन्तरवार्तामा मात्र सीमित नरही एउटा लक्षित समूह छलफल पनि आयोजना गरिएको थियो । लक्षित समूह छलफलका सहभागीहरूको विवरण यस प्रतिवेदनको अनुसूची-३ मा दिइएको छ भने सो लक्षित समूह छलफलमा प्रयोग गरिएको चेक-लिष्ट अनुसूची-२ मा दिइएको छ ।

### *ग. केस-स्टडी विधिको प्रयोग*

यस अध्ययनका सिलसिलामा सहभागीहरूले प्रश्नावली तथा अन्तरवार्ताको सिलसिलामा उपलब्ध गराएको जानकारीका क्रममा व्यक्त गरेको केही उल्लेखनीय र विशिष्ट परिस्थितिका आधारमा जानकारी संकलकहरूले थप विशिष्टीकृत जानकारी हासिल गर्न सङ्क्षिप्त केस-स्टडीहरू पनि गरेका थिए । त्यस्ता केही सङ्क्षिप्त केस-स्टडीहरू यस प्रतिवेदनमा बक्सहरूमा राखिएको छ ।

### *घ. सन्दर्भ-सामग्रीहरूको अध्ययन*

यस अध्ययनका सिलसिलामा अध्ययनका लागि प्रस्ताव तयारीको चरणदेखि नै विभिन्न स्रोतबाट उपलब्ध हुन सकेका अध्ययनको विषयवस्तुसँग सम्बन्धित सन्दर्भ-सामग्रीहरूको अध्ययन कार्य गरिएको थियो । मूलतः यस्ता सन्दर्भ सामग्रीहरूको अध्ययन यस अध्ययनको पृष्ठभूमि, अवधारणा निर्माण तथा आवश्यक द्वितीयक तथ्याङ्क हासिल गर्ने सन्दर्भमा उपयोग गरिएको थियो । यस्ता सन्दर्भ सामग्रीहरूको विवरण यस प्रतिवेदनमा ती जानकारी उल्लेख भएका पृष्ठहरूमै 'फूटर'मा दिइएको छ ।

*****

# खण्ड-२

## *अध्ययनबाट उपलब्ध जानकारी*

प्रतिवेदनको यस खण्डमा वाग्मती प्रदेशमा रहेका विभिन्न अस्पतालहरूमा कोभिड-१९ संक्रमणका बेला कार्यरत कुल १०० जना स्वास्थ्य सेवा प्रदायक जनशक्तिले उपलब्ध गराएको जानकारीका आधारमा उनीहरूले भोग्नु परेका प्रमुख समस्याहरू पहिचान गर्ने प्रयास गरिएको छ । यस्ता जनशक्तिमा स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा संलग्न चिकित्सक, नर्स, स्वास्थ्य प्रयोगशाला प्राविधिक तथा अस्पतालमा कार्यरत अन्य कर्मचारीहरू रहेका छन् । प्रमुख समस्याहरूको छनौटको आधारको रूपमा बढी संख्याका जानकारीदाताहरूले उल्लेख गरेका एकै किसिमका समस्याहरूलाई लिइएको छ ।



कोभिड-१९ले स्वास्थ्य सेवा प्रदायकमा पारेको असरसम्बन्धी अध्ययन कार्यको सिलसिलामा गरिएको अध्ययनमा प्रश्नावली भर्दै स्वास्थ्यकर्मी

## २.१ शारीरिक स्वास्थ्यमा भोग्नु परेका प्रमुख समस्याहरू

यस अध्ययनबाट कोभिड-१९ संक्रमणका बेला कार्यरत स्वास्थ्य सेवा प्रदायकहरूले भोग्नु परेका प्रमुख शारीरिक स्वास्थ्य समस्याहरू निम्नानुसार पाइएका छन् :

***तालिका -२: शारीरिक स्वास्थ्यमा भोग्नु परेका प्रमुख समस्याहरू***

| क्र. सं. | शारीरिक स्वास्थ्यमा बढी मात्रामा देखिएका समस्याहरू | उल्लेख गर्ने स्वास्थ्यकर्मीहरूको संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | **चिकित्सकहरू** (कुल ३५ जनामध्ये) | **नर्सहरू** (कुल ३३ जनामध्ये) | **प्रयोगशाला कर्मचारीहरू** (कुल १८ जनामध्ये) | **अन्य कर्मचारीहरू** (कुल १४ जनामध्ये) | **कुल** (कुल १०० जनामध्ये) |
| १. | कोभिड संक्रमण भएको | २० | १३ | ७ | ५ | ४५ |
| २. | रूघा, खोकी, ज्वरो, टाउको दुःख्ने, सुँघ्ने क्षमतामा ह्रास आएको | १९ | ५ | ५ | ३ | ३२ |
| ३. | शारीरिक थकान बढी भएको | ७ | २ | २ | - | ११ |
| ४. | शरीरको तौल घटेको | ३ | ५ | - | ३ | ११ |
| ५. | जीउ दुःख्ने समस्या भएको | २ | २ | १ | - | ५ |
| ६. | स्वासप्रस्वाससम्बन्धी समस्या भएको | - | २ | २ | - | ४ |
| माथि उल्लेख भएअनुसारका एक वा एकभन्दा बढी शारीरिक स्वास्थ्य समस्या भोगेकाहरूको संख्या | | २२ | १८ | ७ | ११ | ५८ |
| कुनै शारीरिक समस्या नभएको उल्लेख गर्ने संख्या | | १३ | १३ | ९ | ३ | ३८ |
| केही पनि उल्लेख नगर्नेको संख्या | | - | २ | २ | - | ४ |

माथि उल्लिखित तालिकाअनुसार कोभिड-१९ को संक्रमणका बेला अस्पतालहरूमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूमध्ये ४५ प्रतिशतले आफूलाई कोरोना संक्रमण भएको बताएका छन् । त्यसपछिका शारीरिक स्वास्थ्यमा देखिएका प्रमुख समस्याहरूमा क्रमशः रूघा, खोकी, ज्वरो, टाउको दुःख्ने, सुँघ्ने क्षमतामा ह्रास आएको ३२ प्रतिशतले, शारीरिक थकान बढी भएको ११ प्रतिशतले, शरीरको तौल घटेको ११ प्रतिशतले, जीउ दुःख्ने समस्या भएको ५ प्रतिशतले र स्वास-प्रश्वाससम्बन्धी समस्या भएको ४ प्रतिशतले जनाएका छन् ।

प्रमुख शारीरिक स्वास्थ्य समस्याहरूको रूपमा उल्लेख गरिएका माथिको तालिकामा प्रस्तुत समस्याहरू बाहेक छिटपुट रूपमा (एक-दुई जनाले) शारीरिक स्वास्थ्यसम्बन्धी निम्नानुसारका समस्याहरू भएको पनि उल्लेख गरेका छन् :

- स्वास्थ्य गडबडी भइरहने ।
- बढी पसिना आउने ।
- सुगर बढेको ।
- प्रेसर बढेको ।
- रोग प्रतिरोधी क्षमता ह्रास भएको ।
- तौल बढेको ।
- स्वाब संकलनमा बढी खटिनुपर्दा ढाड दु:खेकोले फिजियोथेरापी गर्नु परेको ।

## २.२ मानसिक स्वास्थ्यमा भोग्नु परेका प्रमुख समस्याहरू

यस अध्ययनबाट कोभिड-१९ संक्रमणका बेला कार्यरत स्वास्थ्य सेवा प्रदायकहरूले भोग्नु परेका प्रमुख मानसिक स्वास्थ्य समस्याहरू निम्नानुसार पाइएका छन् :

***तालिका -३: भोग्नु परेका प्रमुख मानसिक समस्याहरू***

| **क्र. सं.** | **मानसिक स्वास्थ्यमा बढी मात्रामा देखिएका समस्याहरू** | **उल्लेख गर्ने स्वास्थ्यकर्मीहरूको संख्या** | | | | |
|---|---|---|---|---|---|---|
| | | **चिकित्सकहरू** (कुल ३५ जनामध्ये) | **नर्सहरू** (कुल ३३ जनामध्ये) | **प्रयोगशाला कर्मचारीहरू** (कुल १८ जनामध्ये) | **अन्य कर्मचारीहरू** (कुल १४ जनामध्ये) | **कुल** (कुल १०० जनामध्ये) |
| १. | आफूलाई संक्रमण होला भन्ने त्रास | २१ | २१ | ९ | ८ | ५९ |
| २. | परिवारलाई संक्रमण होला भन्ने त्रास | १५ | १३ | ३ | २ | ३३ |
| ३. | अनिश्चित वातावरणमा काम गर्नुपर्ने तनाव | ६ | १२ | ७ | ३ | २८ |
| ४. | अनिद्रा | २ | ४ | ५ | - | ११ |
| ५. | अध्ययन गर्न मन नलाग्ने | ४ | ५ | - | - | ९ |
| ६. | डिप्रेसन भएजस्तो तनाव महसुस हुने | ६ | - | - | - | ६ |
| माथि उल्लेख भएअनुसारका एक वा एकभन्दा बढी मानसिक स्वास्थ्य समस्या भोगेकाहरूको संख्या | | ३५ | २८ | १८ | १४ | ९५ |
| कुनै मानसिक समस्या | | - | ५ | - | - | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| नभएको उल्लेख गर्ने संख्या | | | | | |
| केही पनि उल्लेख नगर्नेको संख्या | - | - | - | - | - |

माथि उल्लिखित तालिकाअनुसार कोभिड-१९ को संक्रमणका बेला अस्पतालहरूमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूमध्ये ५९ प्रतिशतमा आफूलाई संक्रमण होला भन्ने मनोवैज्ञानिक त्रासले सताएको पाइएको छ । त्यसपछिका प्रमुख मानसिक समस्याहरूमा क्रमशः परिवारलाई संक्रमण होला भन्ने त्रास ३३ प्रतिशत, अनिश्चित वातावरणमा काम गर्नुपर्ने तनाव २८ प्रतिशत, अनिद्रा ११ प्रतिशत, अध्ययन गर्न मन नलाग्ने ९ प्रतिशत र डिप्रेसन भएजस्तो तनाव महसुस हुने ६ प्रतिशत पाइएको छ ।

प्रमुख मानसिक समस्याहरूको रूपमा उल्लेख गरिएका माथिको तालिकामा प्रस्तुत समस्याहरू बाहेक छिटपुट रूपमा (एक-दुई जनाले) मानसिक स्वास्थ्यसम्बन्धी निम्नानुसारका समस्याहरू भएको पनि उल्लेख गरेका छन् :

- व्यायाम गर्न बिर्सिएको/मन नलागेको ।
- केही बिर्सिएजस्तो भइरहने ।
- नजिकको मान्छे गुमाउनु पर्दाको तनाव ।
- आफ्नो स्वास्थ्य बिग्रिएला कि भन्ने डर ।
- बिरामीका आफन्तले दिने दबाबको समस्या ।
- काम गर्ने उत्प्रेरणाको कमी ।
- समाजले बहिष्कार गर्छ कि वा के भन्ने हो भन्ने डर र त्रास ।
- ड्युटीमा जान यातायातका साधन नपाइने चिन्ता ।

## केस-स्टडी

### स्वास्थ्यकर्मीहरूलाई मनोपरामर्श सेवाको आवश्यकता

म डा. सोनी सुवेदी । कान्ति बाल अस्पताल, काठमाडौँमा कार्यरत छु । कोरोना महामारीको समयमा पनि म यहीँ कार्यरत थिएँ । त्यसबेला आवश्यक पर्ने विशेष उपकरण, प्रयोगशाला सुविधा आदिको कुरा त परै जाओस्, पि.पि.इ., माक्स, स्यानिटाइजरजस्ता सामग्रीहरूको समेत अभाव थियो । सीमित स्रोत-साधनकै भरमा काम गर्नुपर्ने बाध्यता थियो ।

अस्पतालमा काम गर्ने डाक्टर, नर्स र कर्मचारीहरूले कोरोना फैलाउँछन् र उनीहरूले गर्दा सबैलाई कोरोना सर्छ भनेर समाजले हेर्ने नकारात्मक दृष्टिकोणले हामीमा मानसिक समस्या उत्पन्न भएको

थियो । मेरो श्रीमान् पनि डाक्टर नै भएकाले हामी दुवैले यस्तो समस्या झेल्नुपऱ्यो । हामी स्वयं आफ्नै परिवारका सदस्यहरूलाई संक्रमण होला भन्ने डरले आफ्नै घरमा पनि आइसोलेसनमा बस्दथ्यौं । हाम्रा दुई सन्तानलाई हाम्रा बुबा-आमाले रेखदेख गर्नुहुन्थ्यो । आफ्ना सन्तानसँग समेत टाढिएर बस्नुपर्दा हामीमा मानसिक तनाव हुन्थ्यो । किशोर वय पनि नटेकेका हाम्रा सन्तानलाई यस परिस्थितिका बारेमा सम्झाउँदा उनीहरू पनि डराएको देखेर हामीलाई झन् बढी तनाव हुन्थ्यो । उनीहरूलाई अंकमाल गर्न मन लाग्थ्यो तर संक्रमणका डरले अंकमाल गर्न समेत पाएनौं । यसैबेला हाम्रा तीनजना निकट आफन्तहरूको मृत्यु भयो । यस्तो अवस्थामा समेत कोरोना संक्रमणकै डरले संलग्न हुन र सान्त्वना दिन नपाउँदाको पीडा समेत बिर्सिनसक्नु छ । कोरोना महामारी कहिलेसम्म लम्बिने हो र यसले कस्तो असर गर्ने हो भन्ने कुराले हामीलाई ठूलै मानसिक समस्या पारेको थियो ।

भविष्यमा पनि यस्तो महामारी आयो भने थुप्रै स्वास्थ्यकर्मीहरूमा मानसिक समस्या आइपर्न सक्ने कुरा हाम्रै अनुभवले दर्शाएको छ । यस्तो समस्या न्यूनीकरणका लागि स्वास्थ्यकर्मीहरूलाई मनोपरामर्श सेवा उपलब्ध गराउनु अति आवश्यक महसुस गरेकी छु ।

*****

## २.३ आर्थिक अवस्थाका सन्दर्भमा भोग्नु परेका प्रमुख समस्याहरू

यस अध्ययनबाट कोभिड-१९ संक्रमणका बेला कार्यरत स्वास्थ्य सेवा प्रदायकहरूले आफ्नो आर्थिक अवस्थाका सन्दर्भमा भोग्नु परेका प्रमुख समस्याहरू निम्नानुसार पाइएका छन् :

***तालिका -४: आर्थिक अवस्थाका सन्दर्भमा भोग्नु परेका प्रमुख समस्याहरू***

| क्र. सं. | आर्थिक अवस्थामा बढी मात्रामा देखिएका समस्याहरू | उल्लेख गर्ने स्वास्थ्यकर्मीहरूको संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | **चिकित्सकहरू** (कुल ३५ जनामध्ये) | **नर्सहरू** (कुल ३३ जनामध्ये) | **प्रयोगशाला कर्मचारीहरू** (कुल १८ जनामध्ये) | **अन्य कर्मचारीहरू** (कुल १४ जनामध्ये) | **कुल** (कुल १०० जनामध्ये) |
| १. | प्राइभेट प्राक्टिस कम भएको वा समयमा तलब नपाएकाले घरेलु/पारिवारिक खर्च व्यहोर्न समस्या | १५ | ७ | ५ | ५ | ३२ |
| २. | समयमा घरभाडा बुझाउन नसकेको समस्या | - | ६ | - | २ | ८ |
| ३. | ऋण तिर्न/ऋणको किस्ता बुझाउन समस्या | २ | १ | - | १ | ४ |
| ४. | आफूलाई पैसा | २ | २ | - | - | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | चाहिएको बेला बैंकहरू बन्द भएकाले समस्या | | | | | |
| माथि उल्लेख भएअनुसारका एक वा एकभन्दा बढी आर्थिक समस्या भोगेकाहरूको संख्या | | १५ | १० | ५ | ८ | ३८ |
| खासै आर्थिक समस्या नभएको उल्लेख गर्ने संख्या | | १५ | १६ | ७ | ६ | ४४ |
| केही पनि उल्लेख नगर्नेको संख्या | | ५ | ७ | ६ | - | १८ |

माथि उल्लिखित तालिकाअनुसार कोभिड-१९ को संक्रमणका बेला अस्पतालहरूमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूमध्ये ३२ प्रतिशतमा प्राइभेट प्राक्टिस कम भएको र समयमा तलब नपाएकाले घरेलु/पारिवारिक खर्च व्यहोर्न समस्या भएको पाइएको छ । त्यसपछिका आर्थिक अवस्थामा देखिएका प्रमुख समस्याहरूमा क्रमशः समयमा घरभाडा बुझाउन समस्या ८ प्रतिशत, समयमै ऋण तिर्न/किस्ता बुझाउन समस्या ४ प्रतिशत र बैंकहरू बन्द भएकाले पैसा चाहिने हरेक कुराहरूमा समस्या ४ प्रतिशत पाइएको छ ।

प्रमुख आर्थिक समस्याहरूको रूपमा उल्लेख गरिएका माथिको तालिकामा प्रस्तुत समस्याहरू बाहेक छिटपुट रूपमा (एक-दुई जनाले) आर्थिक अवस्थाका सन्दर्भमा निम्नानुसारका समस्याहरू भएको पनि उल्लेख गरेका छन् :

- स्वास्थ्योपचारको खर्च बढेको ।
- महङ्गीको मार ।
- पढाइ शुल्क जुटाउन समस्या ।
- राम्रो/पोषिलो खाना र लुगा कपडा किन्न नसकिएको ।

## २.४ सामाजिक अवस्थाका सन्दर्भमा भोग्नु परेका प्रमुख समस्याहरू

यस अध्ययनबाट कोभिड-१९ संक्रमणका बेला कार्यरत स्वास्थ्य सेवा प्रदायकहरूले आफ्नो सामाजिक अवस्थाका सन्दर्भमा भोग्नु परेका प्रमुख समस्याहरू निम्नानुसार पाइएका छन् :

***तालिका -५: सामाजिक अवस्थाका सन्दर्भमा भोग्नु परेका प्रमुख समस्याहरू***

| **क्र. सं.** | **सामाजिक अवस्थामा बढी मात्रामा देखिएका समस्याहरू** | **उल्लेख गर्ने स्वास्थ्यकर्मीहरूको संख्या** | | | | |
|---|---|---|---|---|---|---|
| | | **चिकित्सकहरू** (कुल ३५ जनामध्ये) | **नर्सहरू** (कुल ३३ जनामध्ये) | **प्रयोगशाला कर्मचारीहरू** (कुल १८ जनामध्ये) | **अन्य कर्मचारीहरू** (कुल १४ जनामध्ये) | **कुल** (कुल १०० जनामध्ये) |
| १. | संक्रमणका डरले परिवारबाट अलग्गिएर बस्नु परेको | २६ | २३ | ११ | ७ | ६७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | साथीभाइ एवम् आफन्तजनबाट टाढिनु परेको | ८ | ८ | ६ | २ | २४ |
| ३. | घरधनी र छरछिमेकीबाट अवहेलनापूर्ण व्यवहार भोग्नु परेको (८ जनाका अनुसार घरधनीले कोठा छोड्नु भनेको समेत) | ५ | ११ | २ | ३ | २१ |
| ४. | धार्मिक/सांस्कृतिक कार्यहरू गर्न नपाएको | ९ | ८ | १ | २ | २० |
| ५. | परिवारसँग अंकमाल गर्न नपाएको | २ | ४ | - | ३ | ९ |
| ६. | समाजमा घुलमिल हुन नपाएको | १ | ३ | २ | १ | ७ |
| माथि उल्लेख भएअनुसारका एक वा एकभन्दा बढी सामाजिक समस्या भोगेकाहरूको संख्या | | २९ | २५ | १४ | १४ | ८२ |
| खासै सामाजिक समस्या नभएको उल्लेख गर्ने संख्या | | ४ | ६ | १ | - | ११ |
| केही पनि उल्लेख नगर्नेको संख्या | | २ | २ | ३ | - | ७ |

माथि उल्लिखित तालिकाअनुसार कोभिड-१९ को संक्रमणका बेला अस्पतालहरूमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूमध्ये ६७ प्रतिशतमा कोरोना संक्रमणका डरले परिवारबाट अलग्गिएर बस्नु परेको समस्या भएको पाइएको छ । त्यसपछिका सामाजिक अवस्थामा देखिएका प्रमुख समस्याहरूमा क्रमशः साथीभाइ एवम् आफन्तजनबाट टाढिनु परेको २४ प्रतिशत, घरधनी र छरछिमेकीबाट अवहेलनापूर्ण व्यवहार भोग्नु परेको (८ जनाले घरधनीले कोठा छोड्नु भनेको समेत बताएका छन्) २१ प्रतिशत, धार्मिक/सांस्कृतिक कार्यहरू गर्न नपाएको २० प्रतिशत, परिवारसँग अंकमाल गर्न नपाएको ९ प्रतिशत र समाजमा घुलमिल हुन नपाएको ७ प्रतिशत पाइएको छ ।

प्रमुख सामाजिक समस्याहरूको रूपमा उल्लेख गरिएका माथिको तालिकामा प्रस्तुत समस्याहरू बाहेक छिटपुट रूपमा (एक-दुई जनाले) आफ्नो सामाजिक अवस्थाका सन्दर्भमा निम्नानुसारका समस्याहरू भएको पनि उल्लेख गरेका छन् :

- आफ्नो कुकुर डुलाउन नपाएको ।
- आफ्नै परिवारका सदस्य बिरामी हुँदा हेर्न नपाएको ।
- घरधनीले आफ्नै बहिनी आउँदा पनि कोभिड परीक्षणको रिपोर्ट मागेको ।
- कसै कसैले कोभिड संक्रमित बिरामीलाई हेर्न र उपचार गर्न नचाहेको देख्दा दुःख लागेको ।

- आफूबाट आफ्नै आमालाई कोभिड सरेकोले दु:ख लागेको ।
- अस्पतालमा खाना खान नपाएको ।

## २.५ भोग्नु परेका अन्य प्रमुख समस्याहरू

यस अध्ययनबाट कोभिड-१९ संक्रमणका बेला कार्यरत स्वास्थ्य सेवा प्रदायकहरूले भोग्नु परेका अन्य प्रमुख समस्याहरू निम्नानुसार पाइएका छन् :

***तालिका -६: भोग्नु परेका अन्य प्रमुख समस्याहरू***

| क्र. सं. | बढी मात्रामा देखिएका अन्य समस्याहरू | उल्लेख गर्ने स्वास्थ्यकर्मीहरूको संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | **चिकित्सकहरू** (कुल ३५ जनामध्ये) | **नर्सहरू** (कुल ३३ जनामध्ये) | **प्रयोगशाला कर्मचारीहरू** (कुल १८ जनामध्ये) | **अन्य कर्मचारीहरू** (कुल १४ जनामध्ये) | **कुल** (कुल १०० जनामध्ये) |
| १. | बढी कार्यबोझ भएको | ३१ | १९ | १३ | ९ | ७२ |
| २. | बेड र आइसोलेसन वार्डको अपर्याप्तताले सहजतापूर्वक संक्रमितको उपचार गर्न कठिनाइ भएको | २७ | १७ | ९ | ७ | ६० |
| ३. | स्वास्थ्य सेवा प्रदायक जनशक्तिलाई उपयुक्त पी.पी.इ.को अपर्याप्तता | २७ | १६ | १२ | ४ | ५९ |
| ४. | उपयुक्त औषधीको अभाव र कतिपय औषधी महङ्गो समेत भएको (जस्तै: रेम्डेसिभिर आदि) कारण संक्रमितको उपचारमा कठिनाई | २४ | १६ | ८ | ८ | ५६ |
| ५. | अस्पतालमा भीडभाड र अस्तव्यस्तताले उपचार कार्यमा समस्या | २४ | १२ | १० | ७ | ५३ |
| ६. | आवत-जावत ( यातायात)को समस्या | १९ | १८ | ११ | ५ | ५३ |
| ७. | प्रयोगशाला सुविधाको अपर्याप्तता | १८ | १० | ६ | ४ | ३८ |
| ८. | निर्णयकर्ताहरूबीच समन्वयको अभाव | १५ | ८ | ६ | ३ | ३२ |
| ९. | अक्सिजन, भेन्टिलेटर र स्लाइनको अभावले उपचार कार्यमा समस्या | १ | २ | ० | २ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | खाना-खाजाको समस्या | २ | २ | ० | १ | ५ |
| माथि उल्लेख भएअनुसारका एक वा एकभन्दा बढी अन्य समस्या भोगेकाहरूको संख्या | | ३२ | २४ | १७ | १३ | ८६ |
| खासै अन्य समस्या नभएको उल्लेख गर्ने संख्या | | - | - | - | - | ० |
| कुनै पनि अन्य समस्याहरू उल्लेख नगर्नेको संख्या | | ३ | ९ | १ | १ | १४ |

माथि उल्लिखित तालिकाअनुसार कोभिड-१९ को संक्रमणका बेला अस्पतालहरूमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूमध्ये ७२ प्रतिशतले बढी कार्यबोझको समस्या भोग्नु परेको उल्लेख गरेका छन् । त्यसपछिका अन्य प्रमुख समस्याहरूमा क्रमशः बेड र आइसोलेसन वार्डको अपर्याप्तताले सहजतापूर्वक संक्रमितको उपचार गर्न कठिनाइ भएको ६० प्रतिशत, स्वास्थ्य सेवा प्रदायक जनशक्तिलाई उपयुक्त पी.पी.इ.को अपर्याप्तता भएको ५९ प्रतिशत, उपयुक्त औषधीको अभाव र कतिपय औषधी महङ्गो समेत भएको (जस्तैः रेम्डेसिभिर आदि) का कारण संक्रमितको उपचारमा कठिनाई ५६ प्रतिशत, अस्पतालमा भीडभाड र अस्तव्यस्तताले उपचार कार्यमा समस्या ५३ प्रतिशत, आवत-जावत (यातायात)को समस्या ५३ प्रतिशत, प्रयोगशाला सुविधाको अपर्याप्तता भएको ३८ प्रतिशत, निर्णयकर्ताहरूबीच समन्वयको अभाव ३२ प्रतिशत, अक्सिजन, भेन्टिलेटर र स्लाइनको अभावले उपचार कार्यमा समस्या ५ प्रतिशत र खाना-खाजाको समस्या ५ प्रतिशतले उल्लेख गरेका छन् ।

## केस-स्टडी

### बीमा, तालिम र टीम व्यवस्थापन आवश्यक छ

म डा. प्राप्ती बस्नेत । हाल म हिमाल अस्पताल, काठमाडौँमा कार्यरत छु । कोभिड-१९ को पहिलो लहरले विश्वलाई नै त्रसित बनाइरहेको बेला म काठमाडौं मेडिकल कलेजमा इन्टर्नसीप गर्दैथिएँ । त्यसबेला मैले २४ घण्टा नै खट्नु पर्थ्यो । संक्रमणका अनेक नकारात्मक समाचारहरू आइरहेका बेला अस्पतालमा काम गर्नका लागि आफूलाई मानसिक रूपमा बलियो बनाउनु निकै चुनौतीपूर्ण थियो तर पनि काम गर्नै पर्थ्यो, खटेरै काम गरियो । कोभिड-१९ को दोस्रो लहर आउँदा भने म वीर अस्पतालमा इन्टर्नसीप गर्न थालेकी थिएँ ।

यी दुवै लहरमा अस्पतालले दिएको थप सुविधा भनेको पी.पी.इ. मात्रै हो । इन्टर्नले सामान्य अवस्थामा पाउने बाहेकको पारिश्रमिक वा अन्य कुनै सुविधा थिएन । यातायात खर्च समेत आफैँले व्यहोर्नु पर्थ्यो ।

मेरा घरपरिवार र छरछिमेकी भने निकै सहयोगी र मायालु हुनुहुन्थ्यो । वहाँहरू मेरो हौसला बढाइदिनु हुन्थ्यो ।

यी दुई अवधिमा मलाई चार पटक कोरोना संक्रमण भयो । दुई पटक साधारण किसिमको र दुई पटक जटिल संक्रमणले गाँज्यो । शारीरिक रूपमा म निकै कमजोर बनें । संक्रमण भएको बेला मैले आइसोलेसनमा बसेर चिकित्सकको सल्लाहअनुसार औषधी सेवन गरेर निको पारेँ ।

यस्तो महामारीमा मलाई जस्तै समस्या कुनै पनि स्वास्थ्य सेवा प्रदायकलाई आउन सक्दछ । त्यसैले यस्तो अवस्थाका लागि सरकारले उनीहरूको स्वास्थ्य बीमा गरिदिने, मानसिक रूपमा तयार हुनका लागि आवश्यक तालिमहरू दिने र स्वास्थ्य सेवा प्रदान गर्ने काममा अस्पताल व्यवस्थापनले उपयुक्त किसिमले टीम व्यवस्थापन गरिदिने कार्य गर्नु जरूरी छ भन्ने मेरो अनुभव रहेको छ ।

अन्य प्रमुख समस्याहरूको रूपमा उल्लेख गरिएका माथिको तालिकामा प्रस्तुत समस्याहरू बाहेक छिटपुट रूपमा (एक-दुई जनाले) निम्नानुसारका अन्य समस्याहरू भएको पनि उल्लेख गरेका छन् :

- पि.सि.आर.को रिपोर्ट आउन बढी समय लागेको ।
- एन्टीबडी टेस्ट गर्न ढिलाई ।
- पी.पी.इ. लगाउँदा खान र सास फेर्न समस्या ।
- रेकर्ड सेक्सनमा ल्याब रिपोर्ट समयमा नआउने भएकाले बिरामीलाई समयमा रिपोर्ट दिन नसकिएको ।
- पदोन्नति र वृत्ति विकासमा ढिलाई ।
- तालिमहरू रोकिएको ।



**कोभिड-१९को बेला उपलब्ध सुरक्षाका सीमित साधनको प्रयोग गरिरहेकी एक स्वास्थ्यकमी**

## २.६ सकारात्मक अनुभवहरू

यस अध्ययनबाट कोभिड-१९ संक्रमणका बेला कार्यरत स्वास्थ्य सेवा प्रदायकहरूले महसुस गरेका केही सकारात्मक अनुभवहरू पनि पाइएका छन् । बढी स्वास्थ्य सेवा प्रदायकहरूले अनुभव गरेका यस्ता सकारात्मक अनुभवहरू निम्नानुसार छन् ।

- यस्तो महामारीको बेला उपचार सेवा दिन पाउँदा खुसी लाग्यो ।
- संक्रमितहरू उपचारपछि ठीक भएर जाँदा उनीहरू र उनीहरूका आफन्तले धन्यवाद दिँदा धेरै खुसी लाग्यो ।
- सामूहिक रूपमा मिलेर काम गर्ने प्रवृत्ति विकास भयो ।
- अधिकांश स्वास्थ्यकर्मीहरूले दिनरात नभनी आफ्नो कर्तव्य पूरा गर्ने तत्परता देखाए ।

- आममानिसहरूमा मास्क र स्यानिटाइजरको प्रयोग गर्ने तथा हात धुने बानीको विकास भयो ।
- महामारीको बेलामा सहयोगी हातहरू बढे ।
- कोभिड-१९ महामारीको पछिल्ला चरणहरूमा स्वास्थ्य उपकरणहरूको व्यवस्थापन र अस्पतालभित्रको सरसफाइमा सुधार आयो ।
- सरकारहरूका तर्फबाट सकेसम्म चाँडो आइसोलेसन सेन्टर र कोभिड परीक्षण प्रयोगशालाहरूको स्थापना, संक्रमण परीक्षणको सुविधा, संक्रमणबाट बच्ने उपायहरू उल्लेख गरिएका सन्देशहरूको व्यापक प्रचार-प्रसार, डेडिकेटेड अस्पतालहरू तोक्ने कार्यजस्ता क्रियाकलापहरूमा तदारूकता र तत्परता देखाइयो ।
- महामारीका बेला पनि उपचार गर्न तत्पर रहन सकिने दह्रो मानसिकता विकास भयो ।
- सङ्कट व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरूको अनुभव र ज्ञान भयो ।

## २.७. समूह छलफलबाट प्राप्त जानकारी

यस अध्ययनको सिलसिलामा गरिएको समूह छलफलबाट पनि प्रश्नावली सर्वेक्षण तथा अन्तरवार्ताबाट आएका जानकारीहरू भन्दा भिन्न र उल्लेखनीय जानकारीहरू आएनन् । बरु समूह छलफलबाट हासिल भएका जानकारीहरूले पनि यस प्रतिवेदनको खण्ड -२ र -३ मा उल्लिखित जानकारीहरूलाई नै पुष्टि गरेको पाइयो ।

*****

## खण्ड-३

## *कसले के कस्ता कुराहरूमा ध्यान दिनुपर्छ ?*

यस अध्ययनको क्रममा सहभागी भएका स्वास्थ्य सेवाको क्षेत्रमा कार्यरत जानकारी प्रदायकहरूसँग यस्तो जटिल महामारीका बेला उपयुक्त ढङ्गले समस्या समाधान गर्न कसले के कस्ता कुराहरूमा ध्यान दिनु पर्दछ भन्ने बारेमा पनि कुराकानी गरिएको थियो । यस सन्दर्भमा प्रश्नावली एवम् अन्तरवार्ता तथा लक्षित समूह छलफलबाट हासिल भएका प्रमुख जानकारीहरू निम्नानुसार रहेका छन् :

### ३.१ अस्पताल व्यवस्थापनले ध्यान दिनुपर्ने कुराहरू

- यस्तो बेलामा स्वास्थ्य सेवा प्रदायक स्वास्थ्यकर्मी एवम् कर्मचारीहरूलाई हौसला, प्रोत्साहन एवम् थप सुविधा दिनुपर्ने ।
- स्वास्थ्यकर्मीलाई मनोपरामर्श र उत्प्रेरणा दिनु पर्ने ।
- महामारीको अवस्थाका लागि सुरक्षित पोशाक र यातायातका साधन व्यवस्थित गर्ने ।
- यस्तो महामारीका बेला संक्रमितहरूको उपचारमा संलग्न हुने स्वास्थ्य सेवा प्रदायकहरूलाई अस्पतालमै खाने बस्ने व्यवस्था गर्नुपर्ने ।
- यस्तो अवस्था आउन सक्छ भनेर त्यसका लागि थप औषधि र उपकरणको व्यवस्थापन गर्न बेलैमा ध्यान दिइराख्नु पर्ने ।
- यस्तो अवस्थामा काम गर्ने स्वास्थ्यकर्मीहरूको विशेष स्वास्थ्य बीमा गर्नु पर्ने ।

### ३.२ राज्यका सम्बन्धित निकायहरूले ध्यान दिनुपर्ने कुराहरू

- महामारीसम्बन्धी जनचेतना जगाउने ।
- जिल्ला-जिल्लामा महामारी विरुद्ध काम गर्ने समितिहरू बनाउनु पर्ने ।
- हरेक स्वास्थ्य संस्थामा पी.पी.इ. र औषधिको पर्याप्त व्यवस्था हुनुपर्ने ।
- सम्भाव्य महामारीसम्बन्धी नयाँ अनुसन्धानहरू गर्नुपर्ने ।
- बोर्डरमा कडाइ गर्नुपर्ने ।

## ३.३ अस्पताल र राज्यका सम्बन्धित निकायहरू दुवैले ध्यान दिनुपर्ने कुराहरू

- यस्तो समस्या आउन सक्छ भनेर सधैँ सतर्क रहने र पूर्वतयारी गर्ने ।
- यस्तो महामारीका बेला संक्रमितहरूको उपचारमा संलग्न हुने स्वास्थ्य सेवा प्रदायकहरूलाई जोखिम एवम् प्रोत्साहन भत्ताको व्यवस्था गर्ने ।
- पी.पी.इ.को अभाव हुन नदिनका लागि पर्याप्त व्यवस्था गर्ने ।
- स्वास्थ्यकर्मीलाई पहिलो चरणमै खोप दिनुपर्ने ।
- उचित तालिम र पर्याप्त जनशक्ति व्यवस्थापन गर्नुपर्ने ।
- सङ्कट व्यवस्थापन टीम बनाएर सधैँ तयारी अवस्थामा राख्ने ।
- महामारीका बेला स्वास्थ्यकर्मीलाई छुट्टै बस्ने व्यवस्था मिलाउनु पर्ने ।
- आइसोलेसन, बेड र आइ.सी.यु.को उपयुक्त प्रबन्ध गर्नुपर्ने ।
- यस्तो बेलाका लागि आवश्यक पर्ने स्वास्थ्यकर्मी, औषधि, प्रयोगशाला र उपकरणहरूको उपयुक्त व्यवस्था कसरी मिलाउने भन्ने बारेमा पहिलेदेखि नै तयार रहने ।

## ३.४ स्वास्थ्यकर्मी आफैँले ध्यान दिनुपर्ने कुराहरू

- यस्तो अवस्थाका लागि भनेर बचत गर्ने बानी बसाल्नु पर्ने ।
- आफ्नो स्वास्थ्यप्रति सजग हुनु पर्ने ।

## ३.५ सर्वसाधारणहरूले ध्यान दिनुपर्ने कुराहरू

- महामारीका बेला सबैले मास्क र स्यानिटाइजरको प्रयोग तथा सावधानीका अन्य उपायहरू अपनाउनु पर्ने ।
- महामारी विरुद्ध उपलब्ध खोप समयमै लगाइहाल्नु पर्ने ।
- आफ्नो र टोल-छिमेकमा सरसफाइ गर्नुपर्ने ।
- यस्तो अवस्थाका लागि भनेर बचत गर्ने बानी बसाल्नु पर्ने ।
- भ्रमात्मक समाचारको पछि नलागी आधिकारिक जानकारीहरू हासिल गर्न प्रयत्न गर्नुपर्ने ।

*****

## खण्ड-४

## *अध्ययनका प्रमुख निष्कर्ष तथा सुझावहरू*

### ४.१ प्रमुख निष्कर्ष

यस अध्ययनबाट मूलतः कोभिड-१९ले स्वास्थ्य सेवाका क्षेत्रमा संलग्न जनशक्तिको शारीरिक स्वास्थ्यका साथसाथै मानसिक स्वास्थ्य र उनीहरूका समग्र सामाजिक-आर्थिक अवस्थाहरूमा समेत समस्याहरू सिर्जना गरेको पाइएको छ । पर्याप्त स्रोत-साधन उपलब्ध नभएकै अवस्थामा एवम् पूर्वयोजना बेगरै संक्रमितहरूको उपचारमा खटिनु परेको पेसागत जिम्मेवारीलाई उनीहरूले जोखिमपूर्ण ढङ्गले वहन गर्नु परेको र कार्यबोझ समेत बढेको कुरालाई पनि यस अध्ययनले उल्लेख्य रूपमा देखाएको छ ।



*कोभिड-१९ का बेला शुक्रराज ट्रपिकल अस्पताल, टेकूमा स्वास्थ्य सेवा प्रदान गर्दै स्वास्थ्यकर्मी*
*(तस्बिर स्रोत : www.nepallivetoday.com.webp)*

#### ४.१.१ समस्याहरूको स्तरीकरण गर्दा आएको निष्कर्ष

सामान्यतः कोभिड-१९ को असरका सम्बन्धमा यसबाट मृत्यु भएका र शारीरिक अवस्थामा परेका प्रभावहरूलाई नै मुख्य रूपमा बुझ्ने गरिन्छ तर यस अध्ययनले भने यस्तो शारीरिक स्वास्थ्य समस्यालाई शारीरिक, मानसिक, सामाजिक र आर्थिक समस्याहरूमध्ये तेस्रो स्तरमा देखाएको छ ।

अध्ययनले कोभिड-१९ का कारण स्वास्थ्यकर्मीहरूमा सबैभन्दा बढी मानसिक समस्या परेको र दोस्रोमा सामाजिक समस्या रहेको जनाएको छ भने आर्थिक समस्यालाई चौथो स्तरमा देखाएको छ । यस तथ्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका -७: कोभिड-१९ का कारण स्वास्थ्य सेवाका क्षेत्रमा संलग्न जनशक्तिले भोग्नु परेका शारीरिक, मानसिक, सामाजिक र आर्थिक समस्याहरू***

| क्र.सं. | भोग्नु परेका समस्याका प्रमुख स्वरूपहरू | उल्लेख गर्ने सहभागीहरूको प्रतिशत |
|---|---|---|
| १. | मानसिक समस्या | ९५ |
| २. | सामाजिक समस्या | ८२ |
| ३. | शारीरिक स्वास्थ्यसम्बन्धी समस्या | ५८ |
| ४. | आर्थिक समस्या | ३८ |

कोरोना संक्रमण भएपछि यसको उपचारका लागि संक्रमितहरू स्वास्थ्यकर्मीहरूको सम्पर्कमा आउने भएकाले स्वास्थ्य क्षेत्रमा काम गर्ने चिकित्सक, नर्स तथा अन्य कर्मचारीहरूमा यसको संक्रमणको उच्च जोखिम रहनु स्वभाविक नै हो । त्यसमा पनि महामारीको रूपमा तीब्र गतिमा छोटो समयमा धेरै मानिसहरूमा संक्रमण भएकाले अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा संक्रमितहरूको आकस्मिक एवम् अत्यधिक चाप हुँदा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाहरूमा काम गर्ने जनशक्तिमा कोरोना संक्रमण हुनुका साथै अन्य समस्याहरू समेत थपिनु अर्को स्वभाविक परिस्थिति हो । यस्ता थप परिस्थितिहरूमा कार्यबोझ बढी हुनु, व्यक्तिगत सुरक्षा सामग्रीहरू पर्याप्त नभएकाले बढी जोखिमपूर्ण परिस्थितिहरूमा काम गर्न बाध्य हुनु, मानसिक तनाव बढ्नु, कतिपय स्वास्थ्य संस्थाहरूले समयमा पारिश्रमिक उपलब्ध नगराउनु र निजी स्वास्थ्य क्लिनिकहरू पनि बन्द हुनाले आर्थिक परिस्थितिमा असर पर्नु, संक्रमणका डरले परिवारका सदस्य, समाज र आफन्त एवम् साथीभाइहरूबाट टाढिएर बस्न बाध्य हुनु रहेका छन् ।

शारीरिक, मानसिक, सामाजिक र आर्थिक समस्याहरू बाहेक स्वास्थ्य सेवाका क्षेत्रमा संलग्न जनशक्तिले भोग्नु परेका अन्य समस्याहरूमा सबैभन्दा बढी अधिक कार्यबोझको समस्या पाइएको छ । यसपछि क्रमशः बेड र आइसोलेसन वार्डको अपर्याप्तताले सहजतापूर्वक संक्रमितको उपचार गर्न कठिनाइ भएको, स्वास्थ्य सेवा प्रदायक जनशक्तिलाई उपयुक्त पी.पी.इ.को अपर्याप्तता भएको, उपयुक्त औषधीको अभाव र कतिपय औषधी महङ्गो समेत भएको (जस्तैः रेम्डेसिभिर आदि) कारण संक्रमितको उपचारमा कठिनाई भएको, अस्पतालमा भीडभाड र अस्तव्यस्तताले उपचार कार्यमा समस्या परेको, आवत-जावत (यातायात)को समस्या भोग्नु परेको, प्रयोगशाला सुविधा अपर्याप्त भएको र निर्णयकर्ताहरूबीच समन्वयको अभावले पनि समयमै उपयुक्त उपचार व्यवस्थामा कठिनाइ भएको पाइएका छन् ।

यस तथ्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ जसमा अध्ययनमा सहभागीहरूमध्ये पाँच प्रतिशत वा सोभन्दा तलको सहभागी संख्याले उल्लेख गरेका समस्यालाई भने ज्यादै कम ठानेर समेटिएको छैन ।

*तालिका -८: कोभिड-१९ का कारण स्वास्थ्य सेवाका क्षेत्रमा संलग्न जनशक्तिले भोग्नु परेका शारीरिक, मानसिक, सामाजिक र आर्थिक समस्या बाहेकका अन्य समस्याहरूको स्तरीकरण*

| क्र.सं. | भोग्नु परेका अन्य समस्याका प्रमुख स्वरूपहरू | उल्लेख गर्ने सहभागीहरूको प्रतिशत |
|---|---|---|
| १. | कार्यबोझ बढी भएको | ७२ |
| २. | बेड र आइसोलेसन वार्डको अपर्याप्तताले सहजतापूर्वक संक्रमितको उपचार गर्न कठिनाइ भएको | ६० |
| ३. | स्वास्थ्य सेवा प्रदायक जनशक्तिलाई उपयुक्त पी.पी.इ.को अपर्याप्तता भएको | ५९ |
| ४. | उपयुक्त औषधीको अभाव र कतिपय औषधी महङ्गो समेत भएका कारण संक्रमितको उपचारमा कठिनाई भएको | ५६ |
| ५. | अस्पतालमा भीडभाड र अस्तव्यस्तताले उपचार कार्यमा समस्या भएको | ५३ |
| ६. | आवत-जावत (यातायात)को समस्या भएको | ५३ |
| ७. | प्रयोगशाला सुविधाको अपर्याप्तताले उपचारमा कठिनाइ भएको | ३८ |
| ८. | निर्णयकर्ताहरूबीच समन्वयको अभावले समयमै उपयुक्त उपचार व्यवस्थामा कठिनाइ भएको | ३२ |

यस अध्ययनबाट उपलब्ध भएका प्रतिवेदनका अघिल्ला खण्डहरूमा उल्लिखित जानकारीहरूका आधारमा प्रमुख निष्कर्षका रूपमा संश्लेषण गर्दा पाइएका प्रमुख बुँदाहरू निम्नानुसार रहेका छन् ।

### ४.१.२ प्रमुख समस्याहरू

